का.जि.प्र.का.द.नं. १००/०५९/६०

❑ वर्ष १८, अंक ६९
❑ १० बैशाख २०७७, बुधबार
❑ 22 April 2020, Wednesday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily — राष्ट्रिय दैनिक

**अपडेट: मंगलबार साँझसम्म**

| | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा |
|---|---|---|---|---|
| नेपालमा | ४२ जना | ४ जना | ८७६३ | १०७ |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | २५ लाख ३ हजार | ६ लाख ५९ हजार | एक लाख ७१ हजार | १६ लाख ७२ हजार |



सिन्धुपाल्चोकको हेलम्बु र पाँचपोखरीमा मङ्गलबार भएको भारी हिमपात । हिमपातपछि जनजीवनमा प्रभाव परेको छ ।

*-तस्बिरः देवराज सुवेदी*

# संक्रमितको संख्या ४२

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ वैशाख

नेपालमा थप ११ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । विराटनगरको कोसी अस्पतालको प्रयोगशालामा परीक्षण गर्दा शंकास्पद नतिजा आएकाहरुलाई कोरोना भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । यो सँगै नेपालमा संक्रमित संख्या ४२ पुगेको छ ।

उदयपुरको त्रियुगा नगरपालिका क्षेत्रका वासिन्दामा कोरोना संक्रमण जाँच गर्दा काठमाडौंको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा ३ जना र धरानको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ८ जनामा कोरोना संक्रमण पुष्टि भएको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ

यसअघि उदयपुरको मस्जिदमा आएका १३ जना भारतीयमा संक्रमण देखिएको थियो । भारतबाट आएका ती समूहकै कारण थप व्यक्तिहरुमा समेत कोरोना देखिएको छ । स्वास्थ्य मन्त्रालय स्रोतका अनुसार, मंगलबार कोरोना देखिएकाहरु त्यही मस्जिद वरपरका हुन् ।

स्वास्थ्य मन्त्रालयले नियमित पत्रकार सम्मेलनमा एक जनामा थप कोभिड-१९ को सङ्क्रमण फेला परेको जनाएको थियो । मन्त्रालयका प्रवक्ता डा विकास देवकोटाले राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा परीक्षणका क्रममा ३३ वर्षीय पुरुषमा सङ्क्रमण देखिएको जनाएका थिए । संक्रमित मध्ये चार जना पूर्ण रुपमा स्वस्थ भएर घर फर्किसकेका छन् ।

देखिएका सङ्क्रमित व्यक्तिको कन्ट्र्याक ट्रेसिङ समेत भइरहेको छ र त्यसका लागि टोली पठाइसकिएको छ । वीरगञ्जमा २२१ र उदयपुरमा ३२० जनामा परीक्षण भइरहेको छ । उनका अनुसार अहिलेसम्म ३६ हजार ७१९ को कोरोना परीक्षण भएको छ भने १०७ आइसोलेशनमा छन् । कल सेन्टरमा दुई हजार १८५ प्रश्नको उत्तर दिइएको छ ।

**विदेशमा ६६५ संक्रमित**

विश्वव्यापी महामारीबाट मंगलबार साँझसम्म २५ लाख बढी प्रभावित बनेको छ । त्यस मध्ये एक लाख ७१ ह्जारको मृत्यु भएको छ भने ६ लाख ५९ बाँकी पृष्ठ २ मा

# जागेको अपेक्षा

**काठमाडौं/रासस-** नेपाल प्रहरीको सातमध्ये छ प्रदेश कार्यालयमा प्रमख रिक्त हुँदा कोभिड-१९ सङ्क्रमणको जोखिम रहेको वर्तमान चुनौतीपूर्ण अवस्थामा कुनै न कुनै रूपले सेवा प्रभावित भएको थियो । सरुवा, बढुवा र अवकाशप्राप्त भएपछि प्रदेश प्रमुख खाली हुनपुगेको हो । ती कार्यालय प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) कार्यवाहक रहने गरी चल्दै आएका थिए । शान्ति सुरक्षामा ‘फ्रन्ट लाइन’मा उभिने प्रहरीमा उचित नेतृत्वको आवश्यकता पर्छ । यद्यपि नेपाल प्रहरीले सेवामा कुनै कमी हुन नदिएको जनाएको छ ।

**प्रदेश प्रहरी इकाईहरूमा रिक्त पदमा नयाँ प्रमुखहरू गएसँगै संघीयता कार्यान्वयन र शन्ति सुरक्षा कायम हुने अपेक्षा गरिएको छ ।**

सात प्रदेश प्रमुखमा प्रहरी नायब महानिरीक्षक (डिआइजी) हुने व्यवस्था छ । सोमबार नै सबै प्रदेश प्रमुखको पदस्थापन भएकाले प्रदेशमा प्रहरी थप चलायमान हुने अपेक्षा गरिएको छ । यसअघिका प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले गत फागुन २८ मा अनिवार्य अवकाश पाएदेखि नै प्रदेश प्रमुख नेतृत्वविहीन बन्न पुगेको हो ।

तत्कालीन बाँकी पृष्ठ २ मा

# अध्यादेशप्रति आपत्ति

■ नेकपामा बहुमत सदस्य अध्यादेशको विपक्षमा ■ लोकतान्त्रिक संविधानलाई असफल बनाउने प्रयासः काँग्रेस

**दल विभाजन गर्न प्रोत्साहित गर्नेगरी प्रधानमन्त्री केपी शर्मा ओलीले अध्यादेश ल्याएको भन्दै सत्तारूढ नेकपाका नेताहरू सहित विपक्षी दलहरूले आपत्ति जनाएका छन् । विपक्षी दलहरूले अध्यादेश फिर्ता लिन आग्रह गरेको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ वैशाख

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का शीर्ष नेताहरुले नै असन्तुष्टि जनाएको राजनीतक दल सम्बन्धी अध्यादेश र संवैधानिक परिषद सम्बन्धी अध्यादेशले राष्ट्रिय राजनीति तरंगित बनेको छ । सोमबार बसेको मन्त्रिपरिषद बैठकमा दल विभाजनलाई खुकुलो पार्नेगरी आकस्मिक एजेण्डा बनेर आएको अध्यादेशको सत्तारुढमा ठूलै विवाद ल्याएको छ । अध्यादेशका विपक्षमा कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल, बरिष्ठ नेताहरु झलनाथ खनाल र माधवकुमार नेपाल तथा प्रवक्ता नारायणकाजी श्रेष्ठ प्रष्ट रुपमा उभिएका छन् ।



सचिवालयका यी बरिष्ठ नेताहरुले अध्यादेश फिर्ता लिनुपर्ने बताएका छन् । उपाध्यक्ष वामदेव गौतमले पनि प्रधानमन्त्री केप शर्मा ओलीको कार्यशैलीप्रति आपत्ति जनाएका छन् । अध्यादेशका विषयवस्तु प्रति आपत्ति नभए पनि गलत समयमा आएको नेता गौतमको भनाइ छ । सचिवालयमै मत विभाजनको अवस्था बनेको नेकपाका सचिवालय सदस्य ईश्वर पोखरेल र महासचिव विष्णुप्रसाद पौडेलले भने प्रधानमन्त्री ओलीलाई साथ दिएका छन् । धेरैले यसलाई प्रधानमन्त्री ओली आफैं नेकपा विभाजन गर्न मनसायमा रहेको रुपमा अर्थ्याएका छन् । तर, प्रधानमन्त्री ओलीले भने नेकपा विभाजन गर्न अध्यादेश नल्याइएको प्रष्टिकरण दिएका छन् ।

**विपक्षीको आपत्ति**

विपक्षी दलहरुले पनि यो अध्यादेको कडा आपत्ति जनाएका छन् । प्रमुख प्रतिपक्ष दल नेपाली काँग्रेस, समाजवादी पार्टी नेपाल र राष्ट्रिय जनता पार्टीले अध्यादेश प्रति कडा आपत्ति जनाएका छन् । उनीहरुले पार्टी विभाजन हुनेगरी अध्यादेश ल्याउनु गलत भएको तर्क गरेका छन् । नेकपाका नेताहरुले आफ्नो नभएर अर्काको पार्टी विभाजन गर्नेगरी अध्यादेश ल्याएको भन्दै अभिव्यक्ति प्रति विपक्षी दलहरुले कडा आपत्ति जनाएका छन् । प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसको पदाधिकारी बैठक बसेर यसबारे निर्णय लिएको छ ।

काँग्रेसले सरकारले संविधानको मर्म र भावना विपरीत अध्यादेश जारी गरेको भनी तिनलाई फिर्ता लिन माग गरेको छ । पार्टी सभापति शेरबहादुर देउवा निवास बूढानीलकण्ठमा बसेको पार्टी पदाधिकारी बैठकले जनता लकडाउनमा बाँकी पृष्ठ २ मा

# कुवेतमा आप्रवासी कामदारको संख्या घटाउन दवाब

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ वैशाख

कुवेतमा आप्रवासी कामदार हरुको बढ्दो चापका कारण कोरोना भाइरस (कोभिड १९) नियन्त्रणमा समस्या रहेको भन्दै तत्काल आप्रवासी कामदारको संख्या आधाले कटौती गर्नुपर्ने आवाज उठेको छ । त्यहाँ मंगलबारसम्म २ हजार ८० जनामा संक्रमण देखिएको छ भने ९ जनाको ज्यान गएको छ । सोमबार एक बंगलादेशी तथा एक भारतीय कामदारको कोरोना संक्रमणका कारण ज्यान गएको छ ।



**वैदेशिक रोजगार विशेष**

कुवेत टाइम्सका अनुसार सांसद सफा अल हसिमले ट्वीट गर्दै विदेशी कामदारको विद्यमान उपस्थिति कम नगर्ने हो भने संक्रमणको फैलावटलाई नियन्त्रण गर्न नसकिने धारणा सार्वजनिक गरेकी छन् । यसअघि कुवेतका अन्य केही सांसदहरुले पनि कोरोना भाइरस संक्रमणका लागि विदशी कामदारहरुको आनीवानी र व्यवहारलाई दोष लगाउँदै आएका थिए ।

कुवेतमा रहेका कुल बासिन्दाको ७० प्रतिशत अर्थात करिब ३३ लाख विदेशी कामदार रहेका छन् । त्यहाँ नेपाली कामदार हरुको संख्या करिब ७२ हजार मात्रै रहेको छ । कुवेतमा सबैभन्दा धेरै भारतीय, ईजिप्सीयन, पाकिस्तानी, फिलिपिनो बंगलादेशी नागरिकले काम गरिरहेका छन् । कुवेतको सरकारी सेवामा पनि विदेशी नागरिक रहेका छन् । सांसद हसिमले सरकारी सेवा प्रदान गर्ने विभागहरुको व्यापक रुपमा पुनःसंरचना गरिनुपर्ने र विभागमा रहेका विदेशी कामदार हरुलाई बिदा दिइनुपर्ने माग उठाएकी छन् ।

कुवेतले अवैध रुपमा बसिरहेका विदेशी नागरिकहरुको संख्या घटाउन आममाफीको कार्यक्रम सञ्चालन गरिरहेको छ । आममाफी कार्यक्रम अन्तर्गत कुवेतले भिसा सकिएका वा कागजात नभएका कामदार सहितका विदेशीले चालु अप्रिल महिनाभित्र घर फर्किन आवेदन दिए कुनै जरीवाना र कानूनी कारवाही विना घर फर्किन पाउने व्यवस्था गरेको छ ।

कुवेतले घर फर्किने अवैध कामदारहरुलाई जहाज टिकट समेत दिने बताएको छ । अवैध रुपमा बसिरहेका नेपालीका लागि आगामी अप्रिल २६ देखि ३० तारिकसम्म आवेदन दिने समय दिइएको छ । तर नेपाली दूतावासले आममाफीको सूचना लक्षित लाभग्राही कामदारहरुसँग पुऱ्याउन भूमिका नखेलेको केही नेपालीहरुको गुनासो छ ।

ठूलो संख्यामा अवैध कामदार रहेको ठानिएका भारत र ईजिप्टले खासै चासो नदेखाएको कुवेती अधिकारीहरुको गुनासो बढेको कुवेत टाईम्सले जनाएको छ । कुवेत आफुले पनि विदेशमा रहेका आफ्ना नागरिकहरुलाई फिर्ता ल्याउन शुरु गरेको छ ।


## COVID-19 NOVEL CORONA VIRUS (nCOV)

### जनहितका लागि जारी जनचेतनामूलक सन्देश

**नोबेल कोरोना भाइरस (Conid-19) का मूख्य लक्षणहरु**

- ज्वरो (१००.४° F भन्दा माथि)
- श्वासप्रश्वासमा अत्याधिक समस्या
- रुघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

**कसरी आफू बच्ने र अरुलाई बचाउने ?**

- नियमित रूपमा साबुन पानीले हात धुने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।
- फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
- फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
- जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
- पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।

मध्यान्ह — Madhyanha National Daily — राष्ट्रिय दैनिक

**कार्यालय**
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

# स्वास्थ्य सामग्री ल्याउन २ अर्ब २६ करोड बढीको सम्झौता

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ बैशाख



नेपाली सेनाले २ अर्ब २६ करोड ७ लाख ८१ हजार रुपैयाँ बराबरको ७६ थरीका स्वास्थ्य सामग्री र औषधिहरु चीनबाट ल्याउने भएको छ । चीनको सरकारी कम्पनी सिनो फार्मसँग गरेको सम्झौताअनुसार सेनाले उक्त फार्मलाई राष्ट्र बैंकमार्फत एक करोड ८४ लाख ४१ हजार ७ सय ६ अमेरिकी डलर भुक्तानी गरेको सैनिक प्रवक्ता विज्ञानदेव पाण्डेले जानकारी दिए ।

सम्झौता गरेको दुई दिनभित्र रकम भुत्तानी गर्नुपर्ने व्यवस्थाअनुसार सेनाले वैशाख ७ गत नै भुक्तानी गरिसकेको छ । प्रवक्ता पाण्डेले सम्झौता अनुसार फर्मले पैसा प्राप्त भएको सात दिन भित्रमा अतिआवश्यक सामग्री जम्मा गरिदिने र गोन्जाउमा रहेको महावाणिज्य दुतावासले खबर गर्ने र त्यसलाई ल्याउनको लागि जहाजको तयारी गर्ने पनि बताए । 'नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिएर सम्झौता अनुसारको रकम चीनलाई भुक्तानी गरिसकेका छौँ', सहायक रथी पाण्डेले भने, 'योसँगै खरिद प्रक्रिया टुंगिएको छ ।'

नेपालको तर्फबाट सेनाका सम्भाररथी प्रभुराम शर्मा र चीनको तर्फबाट त्यहाँका वाणिज्य मन्त्रालयका प्रतिनिधिबीच सम्झौता भएको सैनिक प्रवक्ता पाण्डेले जानकारी दिए । प्रवक्ता पाण्डेले उक्त कम्पनीले सम्पूर्ण सामग्री गोन्जाउमा जम्मा गरिदिने र त्यसपछि ढुवानी गरेर नेपाल ल्याउने बताए । उनले अतिआवश्यक सामग्रीहरु जस्तै पीपीई, एन-९५ मास्क र पीसीआर टेष्टका सामग्रीहरुलाई पहिलो चरणमा वाइडवडी वा अन्य विमानबाट छिट्टै ल्याउने बताए ।

'वाइडबडी जहाजमा १८ देखि २० टनसम्म मात्र ल्याउन सकिने रहेछ', उनले भने, 'त्यसैले प्राथमिकता तय गरेर अहिलेलाई कम्तिमा दुई खेप हवाई मार्गबाट सामान ल्याउनेछौं ।' त्यसपछि स्थलमार्गबाट पनि सामान ल्याइने उनले बताए । उनका अनुसार स्थलमार्गमार्फत बेइजिङबाट तातोपानी नाकासम्म सामान ल्याउन ७ दिन समय लाग्छ । त्यहाँबाट भन्सार पासका लागि कम्तिमा दुई लाग्ने उनले जनाए ।

'अहिले मुलुकमा कोरोना संक्रमणको भयावह स्थिति सिर्जना भइ नसकेकाले स्थल मार्गबाट पनि सामान ल्याउनेछौं', पाण्डेले भने, 'अहिले अत्यावश्यक चाहिँ हवाई मार्गबाटै ल्याउने छौं ।' परिस्थिति जटिल बन्दै गए, सबै सामान हवाई मार्गबाट ल्याउनेबारे पनि छलफल गरिने उनले बताए ।

प्रवक्ता पाण्डेले विश्वभरबाट स्वास्थ्य सामग्री माग भएकोमा नेपाल ८१ औं नम्बरमा परेको चिनियाँ पक्षले जानकारी दिएको बताए । भारतबाट भने औषधि ल्याउन अझै केही सामय लाग्ने भएको छ। प्रवक्ता पाण्डेका अनुसार भारतबाट ल्याउने औषधिहरु दोस्रो चरणमा पछि आवश्यक पर्ने छन् । सेनाले भारतलाई ५३ थरी औषधि र सामग्रीको सुची पठाएको छ । तर दररेट भने नआएको सेनाले जनाएको छ ।

# लकडाउनलाई प्रभावकारी बनाउन गृहमन्त्रीको निर्देशन



**काठमाडौं/मस-** गृहमन्त्री रामबहादुर थापाले लकडाउन कार्यान्वायन र सामाजिक दूरी कायम गर्ने विषयमा प्रहरीको अहम् भूमिका रहने भन्दै त्यसको प्रवाभकारी कार्यान्वयन गराउन प्रहरी अधिकृतलाई निर्देशन दिएका छन् ।

प्रहरी वरिष्ठ उपरीक्षकबाट बढुवा भएका १० प्रहरी नायब महानिरीक्षकलाई सफल कार्यकालको शुभकामना दिँदै गृहमन्त्री थापाले कोभिड-१९ संक्रमणको जोखिम रहेको वर्तमान अवस्थामा सीमा नाकामा थप कडाइका लागि विशेष ध्यान दिन आग्रह गरे ।

गृहमन्त्रालयमा मंगलबार आयोजित कार्यक्रममा गृहमन्त्री थापाले भने, 'राज्यले विश्वास गरेर तपाईंहरूलाई यो जिम्मेवारी प्रदान गरेको छ, जिम्मेवारी इमान्दारीपूर्वक पालन गर्दै सृजनात्मक ढङ्गले काम कारवाही अघि बढाउनुहोस् ।'

मुलुक कोरोना विरुद्धको लडाइँमा रहेको अवस्थामा सुरक्षाकर्मी र स्वास्थ्यकर्मीले अग्रमोर्चामा रहेर काम गरिरहेको उल्लेख गर्दै गृहमन्त्री थापाले राज्यको रणनीति सफल भए हामीले यो लडाइँ जित्ने बताए । उनले लकडाउनको समयमा नागरिकलाई कुनै समस्या भए तत्काल पूरा गर्नतर्फ अग्रसर हुनसमेत अनुरोध गरे । 'सबै प्रदेशको आ-आफ्नै विशेषता छ, त्यसलाई मनन गर्दै काम गर्नुहोस्, प्रदेश सरकारसँग राम्रो समन्वय गर्नुहोस्,' गृहमन्त्री थापाले प्रदेश प्रमुख भएर जाने प्रहरी अधिकृतलाई निर्देशन दिँदै भने ।

गृहसचिव महेश्वर न्यौपानले बढुवा भएका डीआइजीलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिँदै सुरक्षाकर्मीको सानो गल्तीको बढाई चढाई हुने गरेको उल्लेख गर्दै विशेष चनाखो रहन आग्रह गरे । नेपाल सरकार, गृहमन्त्रीस्तरको वैशाख ७ को निर्णयअनुसार एसएसपीहरु घनश्याम अर्याल, प्रकाशजङ्ग कार्की, वसन्तकुमार पन्त, ईश्वरबाबु कार्की, सहकुलबहादुर थापा, धीरजप्रताप सिंह, वसन्तकुमार लामा, रवीन्द्रबहादुर धानुक, उत्तमराज सुवेदी र अरुणकुमार विसीलाई डीआइजीमा बढुवा गरिएको थियो । प्रहरी प्रधान कार्यालयले सबै डीआइजीको पदस्थापनसमेत गरिसकेको छ ।

प्रहरी प्रधान कार्यालयबाट प्राप्त विवरणअनुसार हाल नेपाल प्रहरीको प्रदेश नं १ मा डिआइजी ईश्वरबाबु कार्की, प्रदेश नं २ मा धीरजप्रताप सिंह, वाग्मती प्रदेशमा वसन्तकुमार लामा, गण्डकी प्रदेशमा घनश्याम अर्याल, प्रदेश नं ५ मा रवीन्द्रबहादुर धानुक, कर्णाली प्रदेशमा वसन्तकुमार पन्त र सुदूरपश्चिम प्रदेशमा उत्तमराज सुवेदीलाई प्रदेश प्रमुखको जिम्मेवारी दिइएको छ ।

# कोरोनाका कारण अमेरिकामा १० नेपालीको मृत्यु



**गणेश थापा/मध्यान्ह**
क्यालिफोर्निया, ९ बैशाख

कोरोना भाइरस (कोभिड १९)को संक्रमणबाट संयुक्त राज्य अमेरिकामा मृत्यु हुनेको संख्या ४३ हजार नजिक पुगेको छ। विश्वको सुपरपावर अमेरिकामा संक्रमितको संख्यामा समेत तीब्रगतिमा बृद्धि भइरहेको छ । अफिसियल डाटाअपडेट गर्द आएको न्युजब्रेकका अनुसार गत जनवरीमा कोभिड १९ को संक्रमण देखिएयता अमेरिकामा अहिलेसम्म ८ लाख ६५० मानिस संक्रमित भएका छन्। यसैगरी यस अवधिमा कोरोना भाइरसको संक्रमणबाट ४२ हजार ८०४ जनाको ज्यान गएको छ। यो तथ्यांक क्यालिफोर्नियाको स्थानीय समय अनुसार सोमबार राति २ बजे (नेपाली समय मंगलबार दिउँसो ३ बजे) सम्मको प्राप्त अपडेट हो ।

कोरोना भाइरसको संक्रमणबाट अहिलेसम्म करिब २५ लाख मानिस संक्रमित भइसकेको विश्वभरको कूल संख्याको झण्डै ३३ प्रतिशत मानिस अमेरिकामा मात्रै संक्रमित भएका छन्। आइतबारमात्रै २ हजार बढिको मृत्यु भएकोमा सोमबार २४ घण्टाको अवधिमा सोही हाराहारीमा मानिसले ज्यान गुमाएका छन् । संसारभर अहिलेसम्म करीव १ लाख ७१ हजारको मृत्यु भइसकेको छ । यो समाचार तयार पार्दासम्म सान फ्रान्सिस्को क्रोनिकल मिडियाका अनुसार न्यूयोर्कमा सवैभन्दा बढी मानिसको मृत्यु भएको छ । त्यहाँ मृत्यु हुनेको संख्या १९ हजारको हाराहारीमा पुगेको छ ।

यता क्यालिफोर्नियामा पनि मृतकको संख्या १ हजार २२५ नाघेको छ भने झण्डै ३४ हजार मानिसमा संक्रमण देखिएको छ । दिनहुँ २ हजार बढिको मृत्यु भइरहेको अमेरिकामा यसअघि ४ दिन पहिले सवैभन्दा बढी करिब ४ हजार ६०० जनाको कोरोना भाइरसको संक्रमणका कारण ज्यान गएको थियो । अमेरिकामा कोरोना भाइरसको संक्रमण असामान्य बन्दै गएको छ । दैनिकजसो ३० हजारमाथि नयाँ विरामीहरू थपिरहेका छन् । विशेषज्ञहरूले अमेरिका कोभिड १९ बाट उत्पन्न संकटको चरमसीमामा रहनुकासाथै यसबाट २ लाख बढीको मृत्यु एवं दशौं लाख मानिसमा संक्रमण फैलिन सक्ने चेतावनी दिँदै आएका छन् ।

यसैबीच कोरोना भाइरसको संक्रमणबाट यो मितिसम्म अमेरिकामा १० जना नेपालीको मृत्यु भएको छ भने संक्रमित हुने नेपालीको संख्या सयौं छ । अमेरिकाका ५० वटै राज्यमा फैलिएको कोरोनाबाट करीव २ करोड जनसंख्या रहेको न्युयोर्कमा मात्रै २ लाख ५३ हज़ारभन्दा बढि मानिस संक्रमित भएका छन् । सो ठाउँमा नेपालीहरूको बाक्लो बसोबास रहेको हुँदा त्यहा' सवैभन्दा बढी नेपाली प्रभावित भएको बताइएको छ ।

उता अमेरिकाको मेरिल्याण्ड राज्यका विधानसभा सदस्य ह्यारी भण्डारीले समेत कोरोना भाइरसबाट अमेरिकामा १० नेपालीको मृत्यु भएको पुष्टि गर्दै मृतक नेपालीको शव अलपत्र परेको भन्ने बजारिया हल्लाकोपछि नलाग्न सवैमा आग्रह गरेका छन् । नेपालीमूलका अमेरिकी राज्यसभा सदस्य भण्डारी कोरोना संक्रमितको सहयोग तथा मृतकहरूको शव व्यवस्थापनमा सक्रिय रहदै आएका छन् । प्रवासी नेपालीहरू मध्ये संक्रमितको संख्या अमेरिकामा सवैभन्दा बढी रहेको छ । यहाँ संक्रमित संख्या ७ सय बढी पुगेको विभिन्न संघसंस्थाहरूले जनाएका छन् ।

विश्वको सर्वशक्तिमान राष्ट्र संयुक्त राज्य अमेरिका यतिवेला भने कोभिड १९ संगको आन्तरिक लडाइमा कडा संघर्षरत छ। कोरोना भाइरस नियन्त्रणका लागि अझै ६ महिना बढि समय लाग्नसक्ने विज्ञहरूले बताएका छन् ।

# सभामुखको पहलमा स्वास्थ्य सामग्री प्रदान



**काठमाडौं/मस-** सभामुख अग्निप्रसाद सापकोटाको पहलमा सिन्धुपाल्चोक जिल्लाका ७३ स्वास्थ्य संस्थामा कोभिड-१९ परीक्षण र रोकथामका लागि आवश्यक स्वास्थ्य सुरक्षा सामग्री उपलब्ध गराइएको छ । पहिलो चरणमा जिल्लाका आठ स्थानीय तहका ५४ वडाका ७३ स्वास्थ्य संस्थाका लागि स्थानीय विपद् व्यवस्थापन समितिमार्फत स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको हो ।

वितरित सामग्रीमा हरेक स्वास्थ्य एकाइका लागि पीपीई, थर्मल गन, स्यानिटाइजर, एन-९५ मास्क, पञ्जा, बुटलगायत छन् । जिल्लाका भोटेकोशी, त्रिपुरासुन्दरी र लिशंखुपाखर गाउँपालिका तथा बाह्रबीसे र चौतारा साँगाचोकगढी नगरपालिकाअन्तर्गतका स्वास्थ्य एकाइका लागि ती सामग्री वितरण गरिएको छ । स्वास्थ्य सामग्री नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का केन्द्रीय सदस्य माधव सापकोटाले नगर तथा गाउँपालिकाका प्रमुखलाई हस्तान्तरण गरे ।

सबै स्वास्थ्य सामग्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका विज्ञ चिकित्सकबाट प्रमाणित गरिएको केन्द्रीय सदस्य सापकोटाले बताए । उपलब्ध गराइएका पीपीई पुनःप्रयोग गर्न सकिने किसिमका छन् । सुनकोशी, बलेफी र जुगल गाउँपालिका का स्वास्थ्यसंस्थाका लागि पनि लगत्तै स्वास्थ्य सामग्री वितरण गरिने नेता सापकोटाले जानकारी दिए ।

स्वास्थ्य संस्थामा बिरामी पुग्दा उपयुक्त स्वास्थ्य सामग्रीको अभावमा जाँच गर्न अप्ठेरो भएको गुनासो आएपछि सिन्धुपाल्चोक जिल्ला क्षेत्र नं १ बाट प्रतिनिधिसभामा निर्वाचित नेता सापकोटाको पहलमा ती स्वास्थ्य केन्द्रमा सामग्री पठाइएको हो ।

सामग्री बुझेपछि स्थानीय तहका प्रमुखले सभामुख सापकोटाको पहलप्रति खुशी व्यक्त गरेका छन् । बाह्रबीसे नगरपालिकाका प्रमुख निमफुन्जो शेर्पाले अहिलेको आवश्यकता नै स्वास्थ्य सामग्री भएकाले पहलका लागि सभामुखलाई धन्यवाद ज्ञापन गरे । यस्तै भोटेकोशीका अध्यक्ष राजकुमार पौडेल, त्रिपुरासुन्दरीका अध्यक्ष भूपेन्द्र श्रेष्ठ, लिसंखुपाखरका अध्यक्ष कमल नेपाल र चौतारा साँगाचोकगढीका प्रमुख अमानसिं तामाङले सामग्रीका लागि सभामुख सापकोटालाई धन्यवाद दिए ।

स्थानीय तहका जनप्रतिनिधिले संकटमा एकताबद्ध भएर काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । दोस्रो चरणमा स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय गरेर खाद्य पदार्थलगायत सामग्री वितरणको तयारी गरिएको छ ।

# पत्रकारहरुलाई पत्रकार मञ्चद्वारा मास्क हस्तान्तरण




**काठमाडौं/मस-** नेपाल पत्रकार महासंघको एशोशियट शाखा नेपाल पत्रकार मञ्चले आफ्ना सदस्यहरु क्रियाशील रहेका विभिन्न सञ्चार माध्यममा कोरोना भाइरस (कोभिड-१९) संक्रमणबाट जोगिन मास्क वितरण गरेको छ ।

आम नागरिकलाई सुसूचित गर्ने कार्यमा अग्रभागमा क्रियाशील हुने पत्रकारहरुको सुरक्षाका निम्ति विभिन्न उपायहरु अप्नाउनुपर्ने अवस्था भएका कारण पत्रकार हरुलाई मास्क वितरण गरिएको नेपाल पत्रकार मञ्चका अध्यक्ष युवराज विद्रोहीले बताए ।

आफ्ना सदस्यहरु क्रियाशील रहेका विभिन्न सञ्चार माध्यमहरु मध्यान्ह दैनिक, क्यापिटल एफ.एम., हाम्रो काठमाडौं, नेपाल फ्ल्यास लगायतमा मञ्चका अध्यक्ष विद्रोही, महासचिव विमलकुमार थापा तथा सचिव प्रितमसागर कर्माचार्यले उक्त मास्क वितरण गरेका हुन् ।

यसअघि उक्त मास्क परिवार दलका अध्यक्ष एकनाथ ढकालको सहयोगमा नेपाल पत्रकार मञ्चका केन्द्रीय सदस्य जेन श्रेष्ठले मञ्चलाई हस्तान्तरण गरेका थिए ।

# युवा कल्याण समाजद्वारा सुरक्षा सामग्री र फलफूल सहयोग

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु , ९ बैशाख




कपिलवस्तु जिल्लाको मायादेवि गाउपालिका वडा नं.१ पकडीमा रहेको युवा समाज कल्याणले बालगृह (बाल मन्दिर) तौलिहवामा रहेका अनाथ बालबालिकाहरुलाई सरसफाईमा विशेष ध्यान दिन मास्क, सेनिटाईजर, ग्लोब्स, हयान्डवास, चाउचाउ, फलफूल सहयोग गरेको छासाथै कपिलवस्तु जिल्ला अस्पताल तौलिहवामा पनि दिनरात सेवामा खटिरहेका स्वास्थ्यकर्मिहरुलाई कोरोना भाइरसकोको जोखिमबाट बच्नका लागि सुरक्षा सामग्री सहयोग गरेको छ ।

आफूहरुले आवश्यकता परेको हरेक क्षेत्रमा सेवा सुविधा दिनका लागि चाहे त्यो सरकारी होस या गैरसरकारी सबै ठाँउमा सहयोग गर्ने कुरा संस्थाका उपाध्यक्ष वलिउद्दीन मुसलमानले बताए । यो विश्व महामारीले गर्दा अत्यन्त शक्तिशाली देशहरुको अवस्था दयानीय बनिरहेकोले हाम्रो देशमा पनि यो महामारीले छोइ सरेको भन्दै सरकारको दायित्वको भरमा मात्र नभई यस्तो अवस्थामा संस्थाहरुको भूमिका पनि महत्वपुर्ण रहेको संस्थाका अध्यक्ष राजु अर्यालले बताए ।

यस महामारीबाट बच्नको लागि जिल्ला अस्पताल तौलिहवामा यो दोस्रो सहयोगी हातरोरुपमा यो कल्याण समाज अएको कअस्पतालका सुप्रीटेन्डेन्ट डा. किशोर बन्जाडेले बताए । सुरक्षा समग्रीलगयाात फलफुल हस्तान्तरण गरिदिनेमा संस्थाका सदस्य एवम वाणगंगा सिचाई योजनाका अध्यक्ष मेवालाल यादव, कलामुद्दिन मुसलमान, श्याम यादव ,विश्वेशवर गुप्तालगायत रहेका छन् ।

## अध्यादेशप्रति...

कष्टकर स्थितिमा रहेको तथा स्वास्थकर्मी र सुरक्षाकर्मी अत्यावश्यक सामग्रीको अभावमा जोखिमपूर्ण ढंगले कोरोनासँग जुधिरहेका बेला युद्धस्तरमा सरकारले कार्य गर्नुपर्नेमा लोकतान्त्रिक संविधानलाई असफल बनाउने प्रयास गरिएको भनी निष्कर्ष निकालेको पार्टीका मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए ।

बैठकले ऐक्यबद्ध ढंगले यसको प्रतिवाद गर्ने एवं सबै राजनीतिक दल, संघसंस्था, नागरिक समाज, आमसञ्चारमाध्यम र समस्त नेपालीलाई अध्यादेशविरुद्ध उभिन आग्रह गर्ने निर्णय गरेको छ । कतिपय महत्वपूर्ण संवैधानिक नियुक्तिमा साझा स्वामित्वबोधको परिकल्पनाका साथ संविधानले विशिष्ट व्यवस्था गरे पनि संवैधानिक परिषद्सम्बन्धी अध्यादेशले संविधानको त्यो मर्म र भावना एवं परिषद्को गरिमामय भूमिकालाई समाप्त गरेको आरोप पार्टीले लगाएको बैठकको निर्णय सार्वजनिक गर्न जारी गरिएको विज्ञप्तिमा उल्लेख छ । संविधान निर्माण गरिँदा स्थिरताको परिकल्पना गरेर केही विशेष प्रावधान राखिए पनि राजनीतिक दलसम्बन्धी व्यवस्थाको अध्यादेशले त्यो मर्मलाई समाप्त गरेर अस्थिरताका लागि मार्गप्रशस्त गरेको आरोप पनि काँग्रेसले लगाएको छ ।

## थप..

हजार बिरामी निको भएका छन् । सवैभन्दा बढी अमेरिका संक्रमित देखिएको छ। अमेरिकामा संक्रमित संख्या आठ लाख नजिक पुगेको छ भने मृतक संख्या ४२ हजार नाघेको छ । अमेरिकामा रहेका नेपालीहरु पनि ठूलो संख्यामा संक्रमित भएका छन् । अमेरिकामा अहिलेसम्म ५०० बढी नेपाली संक्रमित देखिएका छन्। त्यस मध्ये पाँच जनाको मृत्यु भइसकेको छ।

विभिन्न अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरुका अनुसार, अहिलेसम्म १४ जना नेपालीको विदेशमा मृत्यु भएको छ । सवैभन्दा बढी यूकेमा नेपालीको मृत्यु भएको छ । त्यहाँ आठ जना नेपालीको मृत्यु भएको छ भने यूएईमा एक जनाको मृत्यु भएको छ ।

यूकेमा एक सय, यूएईमा दश जना, स्पेनमा १८ जना, साउदी अरवमा चार जना, पोर्चुगलमा आठ जना, म्यानमारमा एक जना, मलेसियामा एक जना, कुवेतमा पाँच जना, जापानमा एक जना, हङकङमा एक जना, जर्मनीमा चार जना, बहराइनमा तीन जना र अष्ट्रेलियामा नौ जना नेपाली कोरोनाबाट संक्रमित बनेका छन्।

## जागेको...

समयमा ठाकुरप्रसाद ज्ञवाली प्रहरी महानिरीक्षक भएपछि प्रदेश नं १ प्रमुखविहीन बन्न पुग्यो । पूर्वप्रहरी महानिरीक्षक खनालका ब्याचका शेरबहादुर बस्नेत, विनोद शर्मा घिमिरे, सुरेशविक्रम शाह र पूर्णचन्द्र जोशी एकैसाथ अनिवार्य अवकाशमा परेपछि एकैचोटी चार वटा प्रदेश खाली हुनपुग्यो । चैत ९ गतेको निर्णयले तारिणीप्रसाद लम्साल प्रहरी अतिरिक्त महानिरीक्षकमा बढुवा भएलगत्तै सुदुरपश्चिम प्रदेश पनि खाली हुनपुगेको हो ।

विश्वव्यापीरूपमा कोभिड-१९ को महामारी फैलिइरहेको अवस्थामा मुलुक पनि उच्च जोखिममा छ। वर्तमान परिस्थितिमा त्यसको सङ्क्रमण रोक्न सरकारले चैत ११ गतेदेखि नै लकडाउनको आदेश जारी गरेको थियो । लकडाउन यही वैशाख १५ सम्म जारी रहनेछ । जोखिमपूर्ण अवस्थामा प्रहरीको नेतृत्व अझै सशक्त र क्रियाशील हुनुपर्ने हुन्छ ।

प्रहरी महानिरीक्षक ठाकुरप्रसाद ज्ञवाली भन्छन्, "विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ का कारण सिर्जित विषम परिस्थितिमा कार्यस्थलमा खटिएका प्रहरी अधिकृत तथा जवानको सुरक्षा, स्वास्थ्य संवेदनशीलता, आवश्यक सामग्रीको व्यवस्थापन तथा त्यसको सही प्रयोग, सुरक्षाकर्मीको उचित परिचालनतर्फ संवेदनशील हुनु जरुरी छ ।" उनले बढुवा भएर प्रदेशको नेतृत्व सम्हालेका डिआइजीलाई समन्वयात्मकरूपमा चुनौतीको सामना गरी कार्यदक्षता प्रदर्शन गर्न निर्देशन दिए ।

गृह मन्त्रालयले १० एसएसपीलाई प्रहरी नायब महानिरीक्षकमा बढुवा गरेलगत्तै सोमबार नै रिक्त रहेको प्रदेश प्रहरी प्रमुखका रुपमा तोकेर सबैलाई खटाइसकिएको नेपाल प्रहरीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक उमेशराज जोशीले जानकारी दिए ।

नेपाल प्रहरीमा मन्त्रीस्तरको चैत ७ गतेको निर्णयले सोमबार डिआइजीमा घनश्याम अर्याल, प्रकाशजङ्ग कार्की, वसन्तकुमार पन्त, ईश्वरबाबु कार्की, सहकुलबहादुर थापा, धीरजप्रताप सिंह, वन्सतकुमार लामा, रवीन्द्रबहादुर धानुक, उत्तमराज सुवेदी र अरुणकुमार बिसी बढुवा हुनुभएको हो । गृहसचिव महेश्वर न्यौपाने संयोजकत्वको सिफारिस समितिले बढुवाका लागि सिफारिस गरेको थियो । चार डिआइजीले पहिलेदेखि नै विभिन्न विभाग सम्हाल्दै आउनुभएको छ ।

कानूनमा सातै प्रदेश प्रमुखमा प्रहरी नायब महानिरीक्षक ९डिआइजी० हुने व्यवस्था छ । यसअघिका प्रदेश प्रमुख सरुवा, बढुवा र अवकाशप्राप्त भएपछि खाली हुनपुगेको थियो । नेतृत्वविहीन हुँदा तल्लो तहका कर्मचारीमा हुनसक्ने विचलनलाई ध्यानमा राखेर बढुवालगत्तै नेपाल प्रहरीले सबै प्रदेशमा डिआइजी खटाएको छ ।


**ठेगाना परिवर्तन सम्बन्धी सूचना**

सत्कार बचत तथा ऋण सहकारी संस्था लि.को मिति २०७६/१२/०८ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय भए बमोजिम संस्थाको स्वीकृत सेवा केन्द्र का.म.न.पा. वडा नं. १ र १६ लाई परिवर्तन गरी का.म.न.पा. वडा नं. १४ र २२ मा हुने व्यहोरा यसै सूचनामार्फत सम्पूर्ण सदस्यहरुलाई जानकारी गराइन्छ ।

**सत्कार बचत तथा ऋण सहकारी संस्था लि.**
**प्रधान कार्यालय : कपुरधारा-२६, काठमाडौं**
**फोन : ०१-४३५६८७७, ४३५५९८८**

# विश्व क्रिकेटका तोडिन मुस्किल रेकर्डहरू





**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ वैशाख

क्रिकेटमा रेकर्ड बन्ने र टुट्ने काम भइरहेको हुन्छ । तर केही रेकडहरु यस्ता हुन्छन् जो तोडिन बर्षौं लाग्न सक्छन् र नतोडिन पनि सकन्छन् । अन्तराष्ट्रिय क्रिकेटको सुरुआत १८७७ मा इंग्ल्याण्ड र अस्ट्रेलियाबीचको पहिलो टेस्टबाट भएको थियो । १४३ वर्षको इतिहासमा बनेका विभिन्न रेकर्डमध्य केही टुट्न मुस्किल रेकर्डहरुको बारेमा हामीले जानकारी दिनेछौं।

**ज्याक हब्सको १९९ प्रथम श्रेणी शतक**

इंग्ल्याण्डका महान ब्याट्सम्यान सर ज्याक हब्सको नाममा प्रथम श्रेणी क्रिकेटमा १९९ शतक बनाएको रेकर्ड छ। हब्सले प्रथम श्रेणी क्रिकेटमा सर्वाधिक १६हजार ७ सय ६० रन बनाएका छन्। पछिल्लो समय प्रथम श्रेणी क्रिकेट म्याच धेरै कम भएकाले हब्सको यो रेकर्ड टुट्न असम्भव जस्तै छ । हब्सले ८३४ प्रथम श्रेणी म्याचको १हजार ३ सय २५ पारिमा १९९ शतक र २७३ अर्धशतक बनाएका थिए। उनले ५०.७० को औसतामा ६१ हजार ७ सय ६० रन जोडेका थिए । साथै ६१ टेस्ट क्रिकेटमा १५ शतकका साथ ५ हजार ४ सय १० रन बनाएका थिए ।

**एउटै टेस्टमा १९ विकेट**

टेस्ट क्रिकेटमा दुई पारि गरि एउटा टिमको २० विकेट हुन्छ । यस्तोमा एउटा रेकर्ड एक जना खेलाडीको नामा १९ विकेट लिने रहेको छ। इंग्ल्याण्डका जिम लेकरले १९५३ मा अस्ट्रेलियाविरुद्धको एकै टेस्टमा १९ विकेट लिएर रेकर्ड बनाएका थिए। जुन रेकर्ड टुटन असम्भव जस्तै छ । लेकरले यो टेस्टको पहिलो पारिमा अस्ट्रेलियाका ९ जना खेलाडीलाई पभेलियन पठाए भने दोस्रो पारिमा सबै १० जनाकै विकेट लिएका थिए। भारतका अनिल कुम्बलेले १९९९ मा पाकिस्तानविरुद्धको टेस्टमा एकै पारिमा १० विकेट लिने रेकर्ड त बनाए तर, लेगरको १९ विकेटको रेकर्ड भने तोड्न सकेनन् । जिम लेकरले आफ्नो करियरको ४६ टेस्टमा १९३ विकेट लिएका थिए ।

**टेस्ट क्रिकेटमा सर्वाधिक औसत**

त्रिकेट इतिहासमा महान ब्याट्सम्यानको रुपमा अस्ट्रेलियाका सर डन ब्राडम्यानको नाम लिइन्छ । उनको टेस्टमा रन बनाउने औसत ९९.९४ रहेको छ । जुन तोडिन असम्भव जस्तो छै । टेस्ट क्रिकेटको १४३ वर्षको इतिहासमा ब्राडम्यानको रेकर्ड नजिक पनि कोही पुग्न सकेका छैनन् । दक्षिण अफ्रिकाका ग्रीम पोलाकबाट आशा गरे पनि उनको करियर ६०.९७ को औसतमा टुंगिएको थियो ।

सबैभन्दा कम समयमा सकिएको टेस्ट

क्रिकेटको इतिहास टेस्टबाट शुरु हुन्छ। पहिला पहिला हार जीतको नतिजा नआउँदासम्म टेस्ट क्रिकेट चलिरहन्थ्यो । पछि पाँच दिनमा झारियो । तर यस्तो टेस्ट पनि छ जो जम्मा ५ घण्टामा सकिएको थियो। सन् १९३२ मा अस्ट्रेलिया र दीषण अफ्रिकाबीचको टेस्ट जम्मा ५ घण्टामा सकिन पुग्यो। यो आफैमा रेकर्ड बन्यो र यो टुट्न असम्भव जस्तै छ । दक्षिण अफ्रिकाले पहिला ब्याटिङ गर्दै ३६ रन बनायो। जवाफमा अस्ट्रेलियाले पहिलो पारिमा १५३ रन बनाउँदै अलआउट भयो। दोस्रो पारिमा दक्षिण अफ्रिका जम्मा ४५ रनमा समेटिएपछि अस्ट्रेलिया एक पारि र ७२ रनले विजयी भयो भने यो खेल जम्मा ५ घण्टामा नतिजा आएको टेस्टको रुपमा रेकर्ड बन्यो ।

**अन्तर्राष्ट्रिय क्रिकेटमा सर्वाधिक विकेट**

क्रिकेट इतिहासमा महान बरको रुपमा श्रीलंकन खेलाडी मुथैया मुरलीधरन पर्छन् । उनले टेस्ट क्रिकेटमा ८०० र एक दिवसीय क्रिकेटमा ५३४ विकेट लिएका छन्। जम्मा १३३४ विकेट लिएका मुरलीधरनको अन्तराष्ट्रिय क्रिकेटमा सर्वाधिक विकेट लिने खेलाडीको शीर्ष स्थानमा नाम छ । जुन आफैमा रकेर्ड नै हो । यो रेकर्ड तोडिन पनि असम्भव जस्तै छ ।

विलफ्रेड रोड्सका तीन अनौठा रेकर्ड

२९ अक्टोबर १८७७ मा जन्मिएका इंग्ल्याण्डका क्रिकेट बिलफ्रेड रोड्सका नाम ५२ वर्ष १६५ दिनको उमेर टेस्ट खेलेको रेकर्ड छ। ५२ बर्षको उमेरमा टेस्ट क्रिकेट खेल्ने रकेर्ड अहिलको अवस्थामा टुट्न मुस्किल छ । अधिकांश खेलाडीहरु ३०देखि ४० को दशकमा सन्यास लिइरहेका छन् । साथै रोड्सको नाममा १ हजार १ सय १० प्रथम श्रेणी म्याच खेल्दै ४ हजार २ सय ४ विकेट लिएको रेकर्ड पनि तुट्न मुस्किल छ ।

**प्रथम श्रेणीको एकै सिजनमा सर्वाधिक रन**

इंग्ल्याण्डका महान ब्याट्सम्यान डेनिस कम्पटनले सन १९४७ को प्रथम श्रेणी सिजनमा ३ हजार ८ ससय १६ रन बनाएका थिए । जुन आफैमा अटुट रेकर्ड पनि हो । जसमा उनले त्यो सिजन १८ शतक पनि बनाएका थिए । प्रथम श्रेणी क्रिकेट कम हुने भएकाले यो रेकर्ड टुट्न मुस्किल छ ।

**सचिनको १०० अन्तर्राष्ट्रिय शतक**

भारतका महान ब्याट्सम्यान सचिन तेन्दुलकरले आफ्नो करियरमा १०० अन्तराष्ट्रिय शतक बनाएका छन् । उनले टेस्टमा ५१ र एक दिवसीयमा ४९ शतकका साथ करियर अन्त्य गरेका हुन् । सचिन पछि सर्वाधिक शतक बनाउने खेलाडी हुन् अस्ट्रेलियाका सफल कप्तान रिकी पोन्टिङ । तर उनले ७१ शतकका साथ आफ्नो करियर अन्त्य गरिसकेका छन् ।

**ब्रायन लाराको ५०१ रन**

ठूलो ठूलो पारि खेल्नमा माहिर खेलाडी हुन वेस्टइण्डिजका ब्रायन लारा । सन् १९९४ मा डरहममा खेल्दा वारविकशायरविरुद्ध उनले नटआउट ५०१ रनको पारि खेले । उनको यो पारि टुट्न मुस्किल छ। साथै लाराको नाममा टेस्टमा ४०० रनको रेकर्ड पनि छ। टेस्ट क्रिकेटमा सर्वाधिक व्यक्तिगत रनको रेकर्ड हो ।

**डेब्युमै दोहोरो शतक र शतक**

वेस्टइण्डिजका लरेन्स रो ले १९७१-७२ मा न्युजिल्याण्डविरुद्ध डेब्यु गरेका थिए । डेब्यु म्याचमै उनले पहिलो पारीमा २१४ रन बनाए भने दोस्रो पारिमा १०० रनमा नटआउट रहे । उनी डेब्यु खेलमै दोहोरो शतक र शतक बनाउने खेलाडीको नाममा अहिले पनि परिचित छन् । उनको यो रेकर्ड तोडिन अहिले पनि मुस्किल छ ।

*-एजेन्सीको सहयोगमा*

# श्रीलंकामा जुन २० मा संसदीय निर्वाचन




**कोलम्बो, एजेन्सी-** कोरोनाभाइरसको महामारीका कारण स्थगित गरिएको श्रीलंकाको संसदीय निर्वाचन आगामी जुन २० तारिखमा गरिने राष्ट्रिय निर्वाचन आयोगका अध्यक्ष महिन्दा देशप्रियाले घोषणा गर्नु भएको छ ।

निर्वाचन आयोगमा सोमबार आयोजित निर्वाचन आयोगका पदाधिकारी र जिम्मेवार पार्टीका प्रतिनिधिहरु सम्मिलित बैठकले यस्तो निर्णय गरेको हो । बैठकमा वरिष्ट स्वास्थ्य अधिकारीहरु, सुरक्षा निकायहरु, हुलाक सेवाका जिम्मेवार पदाधिकारीहरु, जिल्ला सचिवहरु तथा सरोकार भएकाहरुको पनि सहभागिता थियो ।

यसअघि संसदीय निर्वाचनका लागि अप्रिल २५ तारिखको दिन तोकिएको थियो। तर कोरोनाभाइरस महामारीका कारण सरकारले देशव्यापी कर्फ्यु लगाए पछि निर्वाचन कार्यक्रम प्रभावित भएको थियो ।

श्रीलंकामा गत मार्च ११ मा पहिलो घटना देखिएयता हालसम्म कोरोनाभाइरसबाट २९५ जना संक्रमित भएका र सात जनाको मृत्यु भएको छ । श्रीलंकामा देशभरका ४० भन्दा बढी केन्द्रहरुमा विदेशी सहित तीन हजार ५०० भन्दा बढी व्यक्तिलाई क्वारेन्टाइनमा राखिएको छ ।

# अमेरिकी राष्ट्रपतिद्वारा 'आप्रवासन' प्रक्रिया स्थगन गर्ने घोषणा



**वासिङ्टन, एजेन्सी**–अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार कोरोनाभाइरसका कारण संयुक्तराज्य अमेरिकामा प्रवेश गर्न चाहनेहरुका लागि दिँइदै आएको “आप्रवासन भिसा” अस्थायी रूपमा स्थगित गर्न कार्यकारी आदेशमा हस्ताक्षर गर्ने बताएका छन् । “अदृश्य दुश्मनबाट आक्रमणका साथै हाम्रा महान अमेरिकी नागरिकहरूको रोजगारी जोगाउनु पर्ने परिस्थिति उत्पन्न भएका कारण संयुक्तराज्य अमेरिकामा अध्यागमनलाई अस्थायी रूपमा निलम्बन गर्न कार्यकारी आदेशमा म हस्ताक्षर गर्दैछु” ट्रम्पले ट्वीट गरेका छन् ।

उनले कार्यकारी आदेशबाट कुन अध्यागमन कार्यक्रममा के असर पर्न सक्छ भन्ने बारेमा कुनै विवरण प्रस्तुत गरेका छैनन । ह्वाइट हाउसले पनि राष्ट्रपतिको ट्वीटमा गरिएको घोषणाका बारेमा विस्तृत जानकारी दिन अस्वीकार गरेको छ ।

ट्रम्पले कोरोनाभाइरसबाट सर्वाधिक प्रभाव परेका चीन र युरोपेली मुलुकहरुबाट अमेरिकातर्फ हुने यात्रालाई प्रतिबन्ध लगाइएको बारेमा श्रेय लिनु भएको छ । उनले यी प्रतिबन्धहरुले अमेरिकामा कोरोनाभाइरसको फैलावटमा सुस्तता आएको दाबी गरेका छन् ।

अमेरिकी विदेश मन्त्रालयले महामारीका कारण आप्रवासी भिसा लगायत प्रायः सबै भिसा प्रक्रिया हप्तौंदेखि स्थगित गरेको छ । अमेरिकामा हालसम्म ७ लाख ५० हजारभन्दा बढी व्यक्ति कोरोना संक्रमित भएका छन् भने ४२ हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ ।

# कोरोनाबाट युरोपमा मात्र १ लाख बढीको ज्यान गयो



**जेनेभा, एजेन्सी–** कोरोनाभाइरस महामारीबाट विश्व नै आक्रान्त भइरहे पनि यसबाट सबैभन्दा बढी असर युरोपेली मुलुकहरुमा देखिएको छ । युरोपेली मुलुकहरुमा मात्र एक लाख चार हजारभन्दा बढी मानिसको मृत्यु भएको छ । विश्वमा हाल संयुक्तराज्य अमेरिका, इटाली, फ्रान्स, स्पेन, बेलायत, चीन, बेल्जियम समेतका मुलुकमा सबैभन्दा बढी मानिसको मृत्यु भएको छ ।

जोन्स हफ्किन्स विश्वविद्यालयका अनुसार नेपाली समयअनुसार मंगलबार मध्यान्हसम्ममा युरोपमा ११ लाख १९ हजारभन्दा बढी मानिस संक्रमित भएका छन् ।

यसैबीच, गएको २४ घन्टायता भारतमा एक हजार ३३६ भन्दा बढी कोरोना भाइरसका नयाँ संक्रमित थपिएका छन् ।

तथ्यांकअनुसार भारतमा ‘कोविड १९’ का संक्रमितहरूको संख्या १८ हजार ६०१ जना पुगेको यहाँको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाइएको छ। भारतमा देखिएका यी संक्रमितहरूमध्ये ३ हजार २५२ जना भने उपचारपछि निको भएर फर्किएका छन् । मन्त्रालयले दिएको जानकारीअनुसार हाल यहाँ १४ हजार ७५९ कोरोनाका संक्रमित विरामी अस्पतालमा उपचाररत रहेका छन् ।

भारतीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले दिएको जानकारीअनुसार भारतभर गएको २४ घन्टायता मृत्यु हुनेको संख्या ४७ जना रहेको छ। योसँगै भारतमा कोरोना संक्रमणबाट ज्यान जानेको संख्या ५९० पुगेको छ ।

शुरुदेखि नै भारतको महाराष्ट्र कोरोना भाइरसबाट अत्यन्त प्रभावित राज्यको रूपमा रहेको यहाँको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ । मङ्गलबार पनि यो क्रम जारी नै रहेको उक्त मन्त्रालयले जानकारी दिएको छ । महाराष्ट्र राज्यमा मात्र संक्रमितहरूको संख्या ४ हजार ६६६ जना पुगेको उक्त मन्त्रालय बताएको छ । यसैबीच महाराष्ट्रमा २३२ जनाको निधन भएको छ । यसैगरी यस राज्यका ५७२ जना नागरिक उपचारपछि निको भएर घर फर्किएका बताइएको छ ।

महाराष्ट्रपछि कोरोना संक्रमणको दोस्रो स्थानमा दिल्ली रहेको छ । यहाँ मात्र २ हजार ८१ जना कोरोना भाइरस संक्रमित रहेका छन् । दिल्लीमा कोरोना भाइरस संक्रमणबाट ४७ जनाको मृत्यु भइसकेको प्राप्त समाचारमा जनाइएको छ। यसैबीच ४३१ जना भने उपचारपछि घर फर्किएका छन्। भारतमा यसरी दिन प्रतिदिन नयाँ नयाँ संक्रमितहरू थपिँदै जानु चुनौतीपूर्ण भएको यहाँका स्वास्थ्य अधिकारीहरूले जनाएका छन् ।

यस प्रकोपको तेस्रो स्थानमा रहेको भारतको गुजरात राज्य रहेको छ । गुजरात १ हजार ९३९ जनामा कोरोना भाइरसको संक्रमण देखिएको छ । यस सक्रमणबाट ७१ जनाको मृत्यु भएको छ भने, १३१ जना उपचारपछि घर फर्किएका छन् ।

यसैगरी यस प्रकोपको प्रभावित भारतीय राज्य राजस्थान चौथो स्थानमा रहेको छ । राजस्थानमा कोरोना संक्रमण भएका व्यक्तिको संख्या १ हजार ५७६ जना पुगेको प्राप्त समाचार जनाइएको छ । यी संक्रमितहरू मध्ये २०५ जना भने उपचारपछि घर फर्किएका छन् । कोरोना संक्रमणबाट राजस्थानमा २५ जनाको मृत्यु भईसकेको छ ।

त्यसैगरी भारतको तामिलनाडूमा कोरोना भाइरसका संक्रमितहरु १ हजार ५२० जना भेटिएका छन् । यहाँका ४५७ जना उपचारपछि घर फर्किएका छन् भने १७ जनाको मृत्यु भएको छ ।

मध्यप्रदेशमा १ हजार ४८५ जनामा कोरोना भाइरसको संक्रमण देखिएको छ। यसबाट ७४ जनाको ज्यान गएको छ भने, १२७ जना संक्रमित निको भएका छन् ।

भारतको केरला राज्यमा ४०८ जनामा कोरोना भाइरसको संक्रमण देखिएको छ । पछिल्लो समयमा भारतमा हरेक दिन सयौं संक्रमित देखिन थालेका बताइएको छ । भारतमा संक्रमण बढदै गएपछि सरकारले कोरोना भाइरस (कोविड-१९) को संक्रमण रोक्नको बन्दाबन्दी (लकडाउन) लाई आगामी मे महिनाको ३ तारिखसम्म लम्ब्याएको घोषणा गरेको छ ।

# दिल्लीका सरकारी अस्पतालमा 'मिडिया सेल' स्थापना



**नयाँ दिल्ली, एजेन्सी–** नयाँ दिल्लीमा रहेका सरकारी अस्पतालमा अबदेखि सञ्चारमाध्यमले कामगर्ने कार्यकक्ष (मिडिया सेल) राखिने भएको छ । मङगलबार नयाँ दिल्ली सरकारले यो आदेश दिएको थियो ।

नयाँ दिल्लीमा रहेका सबै सरकारी अस्पतालहरुले कोविड १९ बारेको समाचार र सूचना सम्प्रेषणका लागि यो आवश्यक रहेको भन्दै यहाँको सरकारले उक्त सेल स्थापनाको लागि आदेश दिएको थियो। सरकारको यो आदेशसँगै यहाँका अस्पतालहरुमा अब सूचना संकलन गरेर विस्तार गर्नका लागि यस्तो मिडिया सेलको स्थापना हुने भएको समाचारमा जनाइएको छ । यस्तो सेलबाट सम्पादन हुने सूचनाले सही रुपमा नागरिकसमक्ष कोभिड १९ बारेको जानकारी पुग्ने बताइएको छ ।

अहिले कोविड १९ का विषयमा सञ्चारमाध्यमहरुका साथै सामाजिक सञ्जालमा पनि विभिन्न खाले फरक फरक समाचार आएकोले नागरिकलाई दुविधा भएको भन्दै ती सबैखाले सूचनालाई एकै ठाउँबाट र सही मात्रामा सम्प्रेषण गर्ने यसले सहयोग पुग्ने दिल्ली सरकारले जनाएको छ। सोमबार नयाँ दिल्लीको एक सरकारी अस्पतालमा ज्वरो आएर पुगेका एकजना पुरुषलाई कोरोना भाइरसको त्रासले त्यहाँका चिकित्सकले उपचार गर्न नमानेको भिडियो सामाजिक सञ्जालमा आएको थियो । ती पुरुषलाई चिकित्सकले शुरुमा कोरोनाको त्रासले छुनै नमानेका र पछि उनी यसका संक्रमित भएको पुष्टि भएपछि उपचार नपाएको उनकी छोरीले बताएकी छिन् । आफ्ना बुबाले भारतको राजधानीजस्तो नयाँ दिल्लीकै सरकारी अस्पतालमा पनि उपचार नपाएको भन्दै बोलेको भिडियो यहाँका सामाजिक सञ्जालमा व्यापक मात्रामा प्रचार प्रसार गरिएको थियो । त्यसपछि यस रोगसम्बन्धी समाचारहरुलाई व्यवस्थित र विश्वास गर्न योग्य बनाउनका लागि यस्तो अलग्गै मिडिया सेलको स्थापना गर्न नयाँ दिल्ली सरकारले आदेश दिएको थियो ।

# अमेरिकी तेल बजारमा सुधार



**सिंगापुर, एजेन्सी–** ऋणात्मक अवस्थामा पुगेको अमेरिकी तेलको मूल्यमा मंगलबार सुधार आई धनात्मक भएको छ। कोरोनाभाइरस महामारीका कारण तेलको विश्व बजारमा माग घटेपछि तेलको मूल्यमा पनि गिरावट आइरहेको छ ।

मंगलबार अपराह्न एशियाली बजारमा अमेरिकी बेन्चमार्क वेस्ट टेक्सास इन्टरमेडिएट (डब्लुटिआई) को अर्को महिना मे का लागि प्रतिब्यारेल १.६७ डलर कायम भएको छ। अघिल्लो दिन न्यूयोर्कमा तेलको मूल्य ३७.६३ डलरले ऋणात्मक भएको थियो ।

तर बजारमा अस्थिरता र भण्डारण सुविधा कम भएपछि खरिदकर्ताहरुमा अन्यौल बढेको छ। व्यापारीहरू अब आगामी जुन महिनाका लागि खरिद सम्झौता गर्नेतर्फ बढी केन्द्रित भएका छन् । यो माग मे महिनाको भन्दा ६० गुणाभन्दा बढी छ ।

अन्तर्राष्ट्रिय बेन्चमार्क ब्रेन्ट कुडको आगामी जुन महिनाका लागि प्रति ब्यारेल २५.४० डलरमा कारोबार भएको छ जुन ०.१६ प्रतिशतले कमी हो ।

कोरोनाभाइरससँग जुध्न हाल विश्वका अधिकांश मुलुकमा जारी बन्दाबन्दी, यात्रा प्रतिबन्ध र व्यापार बन्दका कारण तेलको मागमा व्यापक कमी आएको छ । यसबीचमा तेलको मागमा मात्र कमी आएको छैन, तेलको खपत नै कम भएपछि बजारमूल्यमा पनि व्यापक गिरावट आइसकेको छ ।

साउदी अरेबिया र रसियाबीचको मूल्य युद्धले संकट झनै नराम्रो भएको थियो । रियाद र मस्कोबीच मध्यस्थता भएसँगै विश्वका प्रमुख तेल उत्पादक मुलुकहरुले प्रतिदिन १ करोड ब्यारेल तेल उत्पादन कटौती गर्न सहमति गरेका थिए ।

तर विश्व बजारमा तेलको मूल्यमा भइरहेको गिरावट रोकिएन । विश्लेषकहरूले तेल उत्पादन कटौती पर्याप्त नभएको र भण्डारण सुविधाहरूको क्षमता कम रहेकाले तेलको मूल्यमा फेरि गिरावट आएको बताएका छन् ।

अमेरिकी कच्चातेलको मूल्यमा गिरावट आउनुको मुख्य कारण नै ओक्लाहोमास्थित कुसिङ तेल भण्डारमा तेल भरिनु पनि हो । ओन्डाका वरिष्ठ बजार विश्लेषक जेफ्री ह्यालीले एएफपीलाई ब्रेन्ट र डब्लुटिआई दुबैको मूल्यमा तत्कालै सुधार हुने सम्भावना कमै रहेको प्रतिक्रिया दिए ।

जस्तो सीप उस्तै रोजगार

मुख्य रूपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर

OXFORD International

अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५५५५३१, फ्याक्सः ५५५५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np

नेपाल सरकारबाट श्रम इजाजतपत्र नं. ९१०/०६७/०६८

वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।

Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np

श्रम इजाजत पत्र नं. ११६/०५५/५६

# ८ महिनामा वाणिज्य बैंकले घटाए कर्जाको ब्याजदर




**काठमाडौं, रासस**–आर्थिक वर्ष २०७५/०७६ को तुलनामा चालु आर्थिक वर्षको आठ महिनाको अवधिमा वाणिज्य बैंकहरूले कर्जाको ब्याजदर घटाएको पाइएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आवको आठ महिनाको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिमा कर्जाको भारित औसत ब्याजदर ११.८० प्रतिशत रहेको उल्लेख छ । गत आवमा त्यस्तो कर्जाको भारित औसत ब्याजदर १२.३३ प्रतिशत रहेको थियो ।

केन्द्रीय बैंकको विवरणअनुसार गत आवको तुलनामा चालु आवको आठ महिनाको तुलनामा कर्जाको भारित औसत ब्याजदर घटेको पाइएको हो । बैंकका अनुसार २०७५ को फागुनमा ९.६५ प्रतिशत औसत आधार दर रहेकामा गत फागुनमा ९.४५ प्रतिशत कायम भएको छ । यसले पनि औसत आधार दरमा झण्डै ०.११ प्रतिशतले कमी आएको छ ।

गत फागुनमा वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर ६.७७ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर ११.८० प्रतिशत रहेको बैंकले जनाएको छ । अघिल्लो वर्षको सोही महिनामा निक्षेपको भारित औसत ब्याजदर ६.६२ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर १२.३३ प्रतिशत रहेका थिए ।

केन्द्रीय बैंकले बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा प्राप्तिसम्बन्धी प्रक्रिया शुरु गराएपश्चात् गत फागुन मसान्तसम्म कुल १८७ बैंक तथा वित्तीय संस्था मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका छन् । यसमध्ये १४२ संस्थाको इजाजत खारेज भई कुल ४५ संस्था कायम भएको छ । बैंकका अनुसार गत फागुनसम्म कुल ७५३ स्थानीय तहमध्ये ७४६ तहमा वाणिज्य बैंकका शाखा विस्तार भएका छन् । त्यस आधारमा अब मात्रै सात स्थानीय तहमा वाणिज्य बैंकका शाखा पुग्न बाँकी छन् ।

प्रदेश नं १ का कुल १३७ स्थानीय तहमध्ये १३६ स्थानीय तहमा वाणिज्य बैंकका शाखा पुगेका छन् । सो प्रदेशमा अब एक स्थानीय तहमा मात्रै शाखा खुल्न बाँकी छन् । प्रदेश नं २ र प्रदेश नं ५ का सबै स्थानीय तहमा वाणिज्य बैंकका शाखा खुलेका छन् । प्रदेश नं २ मा कुल १३६ स्थानीय तह छन् भने प्रदेश नं ५ मा कुल १०९ स्थानीय तह छन् । यस्तै वाग्मती प्रदेशका कुल ११९ स्थानीय तहमध्ये ११७ मा वाणिज्य बैंकका शाखा खुलेका छन् । सङ्घीय राजधानीसमेत रहेको सो प्रदेशमा अब दुई स्थानीय तहमा मात्रै शाखा खुल्न बाँकी छन् । गण्डकीका कुल ८५ स्थानीय तहमध्ये ८४ स्थानीय तहमा वाणिज्य बैंकका शाखा खुलेका छन् ।

कर्णाली प्रदेशका कुल ७९ स्थानीय तहमध्ये ७८ स्थानीय तहमा वाणिज्य बैंकका शाखा खुलेका छन् । अब एक स्थानीय तहमा शाखा खुल्न बाँकी छ । सुदूरपश्चिम प्रदेशका कुल ८८ मध्ये ८६ स्थानीय तहमा वाणिज्य बैंकका शाखा खुलेका छन् । अब दुई स्थानीय तहमा बैंकका शाखा खुल्न बाँकी छ । हाल कुल २७ वाणिज्य बैंक, २३ विकास बैंक, २२ वित्त कम्पनी, ८९ लघुवित्त वित्तीय संस्था र एक पूर्वाधार विकास बैंक छन् । बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या गत असार मसान्तमा आठ हजार ६८६ रहेकोमा त्यो बढेर गत फागुन मसान्तमा नौ हजार ६४० पुगेको छ ।

उत्पादनशील उद्योग तथा निर्यातलाई प्रोत्साहित गर्ने उद्देश्यले केन्द्रीय बैंकले सहुलियत दरमा प्रदान गरिँदै आएको पुनरकर्जा गत फागुन मसान्तमा रु १८ अर्ब ३८ करोड पुगेको छ । यस्तै साधारण पुनरकर्जा रु १५ अर्ब ८३ करोड र निर्यात पुनरकर्जा रु एक अर्ब एक करोड उपयोग भएको छ । भूकम्पपीडितलाई आवासीय घर निर्माणका लागि सहुलियतपूर्ण कर्जा प्रदान गर्न यस बैंकबाट बैंक तथा वित्तीय संस्थालाई उपलब्ध गराइएको पुनरकर्जाको बक्यौता गत फागुन मसान्तमा रु एक अर्ब ५३ करोड रहेको छ । यस्तो कर्जा कुल एक हजार ५९२ ऋणीले उपयोग गरेका छन् ।

यस्तै बैंकका अनुसार नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा गत फागुन मसान्तसम्ममा सूचीकृत चार अर्ब ६९ करोड शेयर सूचीकृत रहेको छ । सो सूचीकृत शेयरको चुक्ता मूल्य रु.४५९ अर्ब ४९ करोड रहेको छ । यस्तै चालु आवको आठ महिनामा रु २५ अर्ब ५५ करोडबराबरको शेयर लाभांश रु २१ अर्ब ४६ करोडबराबरको ऋणपत्र रु १२ अर्ब १६ करोडबराबरको साधारण शेयर, रु पाँच अर्ब ७५ करोडबराबरको सामूहिक लगानी कोष रु चार अर्ब ११ करोड बराबरको हकप्रद शेयर र रु ११ अर्ब ८३ करोड बराबरको अन्य गरी कुल रु ८० अर्ब ८६ करोड बराबरको थप धितोपत्र सूचीकृत भएका छन् ।

सो अवधिमा नेपाल धितोपत्र बोर्डले रु २१ अर्ब ४५ करोडबराबरको ऋणपत्र रु चार अर्ब ४१ करोडबराबरको हकप्रद शेयर, रु दुई अर्ब ७५ करोडको साधारण शेयर र रु एक अर्बको सामूहिक लगानी कोष गरी रु २९ अर्ब ६२ करोडबराबरको धितोपत्र निष्काशन गर्ने अनुमति दिएको छ ।

राष्ट्र बैंकको निर्देशन :

# ५ करोडभन्दा माथि कर्जा लिनेको विवरण माग्नू

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ बैशाख

नेपाल राष्ट्र बैंकले ५ करोड रुपैयाँभन्दा माथि कर्जा लिने ग्राहकहरुको विवरण पेश गर्न बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिएको छ । पछिल्लो समय लकडाउनका कारण आर्थिक राहत माग गर्ने उद्योगी व्यवसायीको लर्को बढेसँगै राष्ट्र बैंकले कुल ५ करोड रुपैयाँभन्दा माथि कर्जा लिने ग्राहकको विवरण बुझाउन निर्देशन दिएको हो ।




विशेषगरी कुन क्षेत्रभन्दा पनि कुन उद्योगी व्यवसायीलाई लकडाउनले असर गरेको हो सोही आधारमा राहत उपलब्ध गराईने बैंकले जनाएको छ । लकडाउनका कारण होटल, पर्यटन, सिनेमाजस्ता उद्योग ठप्प भएपनि कतिपय उद्योगी व्यवसायीले आफ्नो व्यवसाय संचालन गर्दै आएका छन् । राष्ट्र बैंकले ५ करोडभन्दा मार्थि कर्जा लिने सबै उद्योगी व्यवसायीको विवरण मगाएर उनीहरुले गत बर्ष कति कारोबार तथा आम्दानी गरेका थिए, चालू आर्थिक बर्षमा लकडाउन हुनुभन्दा अघि कस्तो कारोबार गरेका थिए र लकडाउनले कस्तो असर पारेको छ विस्तृत रुपमा अध्ययन गर्नेछ ।

त्यसरी अध्ययन गर्दा उद्योगी व्यवसायीलाई लकडाउनले गर्दा असर गरेको रैछ भने मात्र राहत उपलब्ध गराउने राष्ट्र बैंकको धारणा छ । नेपाल राष्ट्र बैंकले कुल ५ करोड वा सो भन्दा बढी कर्जा लिने ग्राहक विवरण यहिँ जेठ १५ गतेभित्र उपलब्ध गराउन निर्देशन दिएको छ । विशेषगरी 'क' 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जा लिने ग्राहकको वित्तीय विवरण उपलब्ध गराउन निर्देशन दिएको हो ।

# रानीजमरा कुलरिया सिँचाइ आयोजना निर्माण शुरु

**दुर्गा देवकोटा/रासस**
काठमाडौं, ९ बैशाख



राष्ट्रिय गौरवको आयोजना कैलालीको रानीजमराकुलरिया सिँचाइ आयोजनामा लकडाउनका बीच पनि निर्माण शुरु भएको छ । सरकारले राष्ट्रिय गौरवका आयोजनाको काम पुनःसञ्चालन गर्ने नीति बनाएपछि त्यहीअनुरुप कैलालीको सो आयोजनामा काम शुरु भएको हो ।

आयोजनाका अनुसार सोमबारदेखि कर्णाली नदीका तीन स्थानमा तटबन्धको काम शुरु भएको छ । "कर्णाली नदीको टीकापुर क्षेत्रका सनकट्टी, साइपुर र भुराखानीमा नदी नियन्त्रणको काम सोमबारदेखि शुरु भयो", सिँचाइ आयोजनाका सिनियर डिभिजनल इञ्जिनीयर बद्रीबहादुर कार्कीले भने, "कर्णालीकै डल्फिन क्षेत्र ढुङ्गाना टोलमा भने काम हुन सकेको छैन । त्यहाँ कामदार र आवश्यक सामग्रीको अभाव छ ।"

काम शुरु भएका ठाउँमा सरकारको मापदण्डअनुसार खानेबस्ने व्यवस्था र सुरक्षाका उपाय अपनाएर काम थालिएको उनले बताए । आयोजनाले कैलालीका १८ स्थानमा नदी नियन्त्रणको काम गरिरहेको छ । अहिले तीन ठाउँमा मात्र काम शुरु भएको छ अन्य ठाउँमा काम शुरु गरिने आयोजनाले जनाएको छ । सिनियर डिभिजनल इन्जिनियर कार्कीले आयोजनाले चारथरिका काम सञ्चालनका लागि जिल्ला प्रशासन कार्यालय कैलालीसँग अनुमति मागेको बताए । "अनुमति मागेका छौँ तर प्रमुख जिल्ला अधिकारीले अहिले स्थानीयस्तरमै पाइएको कच्चा पदार्थ प्रयोग गरेर काम गर्न भन्नुभएको छ", कार्की भन्छन, "काम गर्न कठिन भए पनि स्थानीय कामदार प्रयोग गरेर काम गरिरहेका छौँ ।"

सिँचाइ आयोजनाले कैलालीका तीन नदी कर्णाली, मोहना र लम्कीस्थित चोरी खोलामा नदी नियन्त्रणको काम गरिरहेको छ । साथै नदीसँग जोडिएका कैलालीका टीकापुर र लम्की नगरपालिका तथा जानकी गाउँपालिकाका विभिन्न ठाउँमा नहर निर्माणको काम भइरहेको छ ।

टीकापुरका सनकट्टी र शाहीपुरमा तटबन्धको काम गरिरहेको निर्माण कम्पनी गजुरमुखी सिद्धिसाई कन्स्ट्रक्सनका प्रबन्धक धीरेन्द्र शाहीले सनकट्टीमा दुई किलोमिटर तटबन्ध गर्नुपर्नेमा गत वर्ष ११ सय मिटर तटबन्ध निर्माण भएको जानकारी दिए । "यस वर्ष दुई सय मिटर तटबन्ध यसअघि नै बनिसकेको छ", प्रबन्धक शाही भन्छन्, "अब सात सय मिटर बाँकी छ । लकडाउनका कारण रोकिएको काम दुई दिनदेखि पुनः सञ्चालन गरेका छौँ ।"

कैलालीका प्रमुख जिल्ला अधिकारी यज्ञराज बोहराले सिँचाइ आयोजनाअन्तर्गत तटबन्धको कार्य भइरहेको बताए । "अहिले काम चलिरहेको छ । समस्या आएमा हामी अन्य जिल्लाबाट पनि कच्चा पदार्थ ल्याउन अनुमति दिन्छौँ", बोहराले भने, "तटबन्धका लागि ढुङ्गा, ग्राभेल स्थानीयस्तरमै पाइन्छ । आयोजनालाई काम गर्न सहयोग हुने वातावरण बनाउँछौँ ।"

कैलालीमा ठूला आयोजनाअन्तर्गत धनगढीमा निर्माणाधीन धनगढी-मोहना छ लेन सडक र केही पुल निर्माणका लागि अनुमति दिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । सिँचाइ आयोजना निर्माण सम्पन्न भएपछि यस क्षेत्रको करीब ३८ हजार हेक्टर भूभागमा सिँचाइ सुविधा पुग्नेछ । यस आयोजनाको निर्माण आर्थिक वर्ष २०६५/०६६ देखि शुरु भएको हो । सन् २०२३ डिसेम्बर ३१ मा आयोजनाको काम सम्पन्न गर्ने लक्ष्य छ । यस आयोजनाको कुल लागत रु २७ अर्ब हो । सो आयोजना विश्व बैंकको अनुदान, नेपाल सरकारको संयुक्त लगानी र जनश्रमदानमा निर्माण भइरहेको छ ।

## लकडाउनमा पनि ठूला आयोजना सञ्चालन हुने

**काठमाडौं/मस–** सिन्धुपाल्चोकमा लकडाउनको समयमा पनि ठूला आयोजनाको काम सञ्चालन गर्ने निर्णय गरिएको छ ।

जिल्ला कोरोना सङ्कट व्यवस्थापन केन्द्र (डिसिसिएमसी) सिन्धुपाल्चोकले लकडाउनका समयमा पनि ठूला आयोजनाको काम सञ्चालन गर्ने निर्णय गरेको हो । उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेल संयोजकत्वको कोरोना भाइरस रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समितिले शर्तसहित उद्योग र ठूला आयोजना सञ्चालन गर्ने निर्णय गरेपछि सन्धुपाल्चोकमा पनि ठूलालगायत अन्य विभिन्न आयोजना सञ्चालन गर्ने निर्णय भएको केन्द्रले जनाएको छ ।

योजनाहरू सञ्चालन गर्न कार्यविधि बनाउनका लागि जिल्ला समन्वय अधिकारी, निर्माण व्यवसायी सङ्घलगायतका प्रतिनिधिहरू सहभागी गराएर गठन गरिएको उपसमितिले बनाएको मापदण्डअनुसार योजनाहरू सञ्चालन हुने भएको सिन्धुपाल्चोकका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले जानकारी दिए । निर्माण व्यवसायीबाट हुने योजना भने अर्थ मन्त्रालयले तयार पारेको कार्यविधिअनुसार हुने पनि प्रजिअ ढकालले जानकारी दिए ।

लकडाउनभन्दा अघि उपभोक्ता समिति गठन भई वा निर्माण व्यवसायी छनोट भएर सम्झौता भएका योजनालाई मात्रै निर्माण कार्य गर्न दिने गरी कार्यविधि तयार भएको छ । निर्माणस्थल वरिपरि सोही ठाउँमा कामदारलाई पहिलो प्राथमिकता दिने गरी योजनाका काम अघि बढाइने छ । निर्माणस्थलमा कामदार नभए सम्बन्धित गाउँ वा नगरपालिकाका श्रमिकलाई निर्माण कार्यमा लगाउने गरी कार्यविधि तयार भएको निर्माण व्यवसायी सङ्घ सिन्धुपाल्चोकका अध्यक्ष छत्र तामाङले जानकारी दिए ।

निर्माण कार्य सञ्चालन गर्नुअघि सम्बन्धित निर्माण व्यवसायी वा उपभोक्ता समितिले सम्बन्धित आयोजनामा काम गर्ने कामदारको व्यक्तिगत विवरण सम्बन्धित गाउँपालिका र जिल्ला प्रशासन कार्यालयमा अनिवार्य उपलब्ध गराउनुपर्ने कार्यविधिमा उल्लेख छ । निर्माण सामग्री ढुवानी गर्दा पहिलो प्राथमिकता स्थानीय तह र त्यहाँ उपलब्ध नभए सिन्धुपाल्चोकदेखि काभ्रे, भक्तपुर र काठमाडौँबाट सामग्री ल्याउन सकिने र त्यसका आधारमा जिल्ला प्रशासन कार्यालयले सवारी पास दिने व्यवस्था गरिएको छ ।

योजनास्थलमा काम गर्ने सबै कामदारको स्वास्थ्य परीक्षणलगायत आवश्यक स्वास्थ्य सामग्री उपभोक्ता समिति र सम्बन्धित ठेकेदारबाट प्रदान गर्नुपर्ने कार्यविधिमा व्यवस्था गरिएको जिल्ला समन्वय अधिकारी महेन्द्र भट्टराईले जानकारी दिए । निर्माण सामग्री ढुवानी गर्ने सवारी साधनमा चालक र हेल्परबाहेक अरु कसैलाई राखेमा पास जफत गरिने कार्यविधिमा भनिएको छ ।

## प्रभु बैंकबाट तीन पालिकामा राहत

**काठमाडौं/मस–** नारायण नगरपालिका तथा गुराँस र भगवतीमाई गाउँपालिकामा शाखा विस्तार गरेर काम शुरु गरेको प्रभु विकास बैंकले केही राहत सामग्री तीन स्थानीय पालिकालाई प्रदान गरेको छ ।

बैंक दैलेख शाखाले चामल, दाल र नुन वितरण गरेको हो । बैंकले पाँच शय्याको क्वारेन्टाइन निर्माणमा लाग्ने खर्च पनि सहयोग गर्ने शाखा प्रबन्धक उमेश प्याकुरेलले जानकारी दिए । बैंकले कोरोना नियन्त्रण कोषमा राख्ने गरी कर्णाली प्रदेश सरकारलाई रु पाँच लाख र सङ्घीय सरकारलाई रु एक करोड एक लाख प्रदान गरिसकेको छ ।

रित्तै फर्कियो अमेरिकी जहाज

## श्रीको उडान स्थगित



**काठमाडौं/मस**–केही कूटनीतिक सामग्री बोकेर नेपाल आएको अमेरिकाको जर्नी एभिएसनको कार्गो जहाज स्वदेश फर्किएको छ । कूटनीति सामग्री ल्याइएको भनिएको उक्त जहाजले करिब ४० किलो सामान ल्याएको विमानस्थलले जनाएको छ । कूटनीतिक भनिएका ती कस्ता सामग्री हुन् भन्ने खुलेको छैन ।

अमेरिकी जहाज आज बिहान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरी सामान झारेर आजै अमेरिका फर्किएको हो । विमानस्थलका महाप्रबन्धक देवेन्द्र केसीले कूटनीतिक सामग्री बोकेर आएको अमेरिकी वायु सेवा कम्पनी जर्नी एभिएसनको जहाज स्वदेश फर्किएको बताए । अमेरिकाबाट सामग्री लिएर आएको सो जहाज काठमाडौँबाट भने रित्तै फर्किएको छ ।

यसैबीच स्वास्थ्य सामग्री लिन श्री एयरलाइन्सको चार्टर्ड जहाज सिङ्गापुर उडान भर्ने तालिका रहे पनि उडान हुन सकेन । श्रीको जहाज भोली सिङ्गापुर उड्ने कम्पनीले जनाएको छ । यसअघि गत शुक्रबार उडान गर्ने योजना विफल भएको थियो । पुनः मङ्गलबारका लागि उडान तालिका थियो तर अन्तिम समयमा उडान रोकिएको छ । केही कूटनीतिक प्रक्रिया पूरा नभएकाले आज उडान हुन नसके पनि बिहीबार उडान हुने श्री एयरलाइन्सले जनाएको छ ।

निजी क्षेत्रको वायु सेवा प्रदायक कम्पनी श्रीले चार्टर्ड उडानमार्फत सिङ्गापुरबाट अत्यावश्यक स्वास्थ्य सामग्री ल्याउन लागेको हो । श्रीले चार्टर्ड उडान गर्न अनुमति लिएको नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ । श्रीले सामाजिक संस्थागत उत्तरदायित्वअन्तर्गत निःशुल्क चार्टर्ड उडान गर्न लागेको जनाएको हो । श्री एयरलाइन्सले यसअघि सुडानमा चार्टर्ड उडान गरेको थियो ।

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको
facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**